श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ४१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### गुठी संस्थानसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावना: नेपालको संविधानको धारा ५९ ले गुठी रकमलाई सरकारी कोषबाट अलग गरेकोले राजगुठीलाई श्री ५ को सरकारको अधीनबाट झिकी एक संस्थाको जिम्मा सुम्पी राजगुठीहरूलाई सुव्यवस्थित रूपले सञ्चालन गराउन गुठी संस्थानको स्थापना भएकोमा, विभिन्न वर्गका जनताका बीच सुसम्बन्ध कायम राख्ने र सर्वसाधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्ने उद्देश्यले गुठी संस्थानसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी बढी प्रभावकारी र सामयिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "गुठी संस्थान ऐन, २०३३" रहेको छ।

(२) यस ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "संस्थान" भन्नाले दफा ३ अन्तर्गतको गुठी संस्थान सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले गुठी संस्थानको अध्यक्ष सम्झनुपर्छ।

(ग) "गुठी" भन्नाले कुनै मठ वा कुनै देवी-देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैंचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठी समेतलाई सम्झनुपर्छ।

(घ) "राजगुठी" भन्नाले यो ऐन प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गरी आएको राजगुठी सम्झनुपर्छ।

(ङ) "छूट गुठी" भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दानपत्र लिखत-बमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले नै शेष खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनु पर्ने गरी त्यस्तो गुठीको जग्गाको श्री ५ को सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दर्ता गुठियारले नै गुठी चलाउन पाउने गरी छूट पाएको गुठीलाई सम्झनुपर्छ।

(च) "निजी गुठी" भन्नाले राजगुठी र छूट गुठी बाहेकको दुनियाको निजी गुठी सम्झनुपर्छ।

(छ) "गुठियार" भन्नाले छूट गुठी वा निजी गुठी का दाता वा दाताका हकवाला गुठी चलाउन वा गुठीको शेष कसर खान पाउने हक भएका व्यक्ति र त्यस्ता गुठीको सालबसाली दरबन्दीको महन्त र पुजारीलाई सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "गुठी रैतान नम्बरी जग्गा" भन्नाले दर्तावालाले संस्थानलाई मालपोत बुझाउनु पर्ने जग्गा सम्झनुपर्छ ।

(झ) "गुठी नंम्बरी जग्गा" भन्नाले संस्थानले जग्गावालाको हैसियतले श्री ५ को सरकारलाई मालपोत बुझाउनु पर्ने जग्गा सम्झनुपर्छ ।

(ञ) "गुठी तैनाथी जग्गा" भन्नाले कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा सम्झनुपर्छ ।

(ट) "गुठी अधीनस्थ जग्गा" भन्नाले दर्तावालाले संस्थानलाई जिन्सी बुझाइआएको जग्गा सम्झनुपर्छ ।

(ठ) "गुठी जिमीदारी" भन्नाले कुनै जिमीदारी मौजामा गुठीको हक भई गुठी मालपोत दाखिल हुने जिमीदारीलाई सम्झनुपर्छ ।

(ड) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२
## स्थापना र व्यवस्था

३. गुठी संस्थान कायम रहने: (१) गुठी संस्थान ऐन, २०२१ अन्तर्गत स्थापना भएको गुठी संस्थान यसै ऐनअन्तर्गत स्थापना भएको मानी कायमै रहनेछ ।

(२) संस्थान अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसको कामको निमित्त एउटा आफ्नो छाप हुनेछ । यसले आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र यसउपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(३) यस ऐनको र यस ऐनअन्तर्गत बनेको विनियमको अधीनमा रही संस्थानले चल-अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र कुनै प्रकारले हस्तान्तरण गरी दिन सक्नेछ ।

(४) संस्थानको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

४. अध्यक्षको नियुक्ति: (१) श्री ५ को सरकारले संस्थानको अध्यक्ष नियुक्ति गर्नेछ र यसरी अध्यक्ष नियुक्ति गर्दा श्री ५ को सरकारको सेवामा विशिष्ट श्रेणीको पदमा बहाल गरिसकेको वा सो पदमा बहाल रहेको व्यक्तिलाई नियुक्ति गरिनेछ ।

(२) अध्यक्षको पारिश्रमिक र अन्य सेवा शर्त श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

५. अध्यक्षको अधिकार र कर्तव्य: (१) संस्थानको सबै काम कारवाईको रेखदेख, नियन्त्रण र व्यवस्था अध्यक्षले गर्नेछ ।

(२) यस ऐनअन्तर्गत संस्थानलाई भएको सबै अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालन अध्यक्षले गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) संस्थानको सबै काम कारवाईको निमित्त अध्यक्ष जिम्मेवार हुनेछ ।

(४) अध्यक्षले आफूलाई भएको अधिकार आफ्नो रेखदेख र जिम्मेवारीमा आफूमुनिका कर्मचारीहरूलाई आवश्यकतानुसार प्रत्यायोजन गर्न सक्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थानको वार्षिक आय-व्यय स्वीकृत गर्दा अध्यक्षले श्री ५ को सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ ।

६. कर्मचारी तथा सल्लाहकारको नियुक्तिः (१) संस्थानले आवश्यकतानुसार कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्न सक्नेछ र निजहरूको नियुक्ति र सेवाको शर्त तोकिएबमोजिम हुनेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा समय-समयमा संस्थानका कर्मचारीहरूको दरबन्दी थप-घट गर्न वा कर्मचारीहरूको पुनर्गठन गर्न सक्नेछ ।

७. विद्वत् समितिको गठनः (१) बडागुरूज्यू वा नायव बडागुरूज्यूमध्ये श्री ५ महाराजाधिराज-बाट तोकिबक्सेको व्यक्तिको सभापतित्वमा संस्थानमा एक विद्वत् समिति हुनेछ । सो समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) बडागुरूज्यू सभापति तोकिएको अवस्थामा नायव बडागुरूज्यू– सदस्य

(ख) मूल पुरोहित– सदस्य

(ग) धार्मिक, सामाजिक र शैक्षिक क्षेत्रमा ख्यातिप्राप्त विद्वान् तथा साधु सन्तहरूमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको पाँच व्यक्ति– सदस्य

(२) संस्थानको अध्यक्षले तोकेको कर्मचारी विद्वत् समितिको सचिव हुनेछ ।

(३) संस्थानको अध्यक्षले विद्वत् समितिको बैठकमा भाग लिनु पर्नेछ ।

(४) उप-दफा (१) को खण्ड (ग) बमोजिम मनोनीत सदस्यको कार्यावधि चार वर्षको हुनेछ । कार्यावधि समाप्त भएपछि निजलाई पुनः मनोनीत गर्न सकिनेछ ।

तर, श्री ५ को सरकारले उपयुक्त सम्झेमा निजको कार्यावधि पूरा नहुँदै निजको सट्टा अर्को व्यक्तिलाई मनोनीत गर्न सक्नेछ ।

(५) विद्वत् समितिका सदस्यहरूले सो समितिको बैठकमा भाग लिंदा तोकिएबमोजिमको पारिश्रमिक वा भत्ता पाउनेछन् ।

८. विद्वत् समितिसित राय-सल्लाह लिन सकिनेः अध्यक्षले आवश्यक देखेमा देहायका विषय-हरूमा विद्वत् समितिसित राय-सल्लाह लिन सक्नेछः–

(क) गुठीसम्बन्धी प्राचीन रीतिस्थिति,

(ख) धार्मिक विधि, परम्परा एवं धर्मसम्बन्धी अन्य व्यवस्था ।

८३१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. सहयोग समितिको गठनः (१) संस्थानमा एक सहयोग समिति हुनेछ र सो समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) अञ्चलाधीश, वाग्मती अञ्चल– सदस्य
(ख) निर्देशक, मालपोत विभाग– सदस्य
(ग) निर्देशक, पुरातत्व विभाग– सदस्य
(घ) निर्देशक, भूमिसुधार विभाग– सदस्य
(ङ) कानून तथा न्याय मन्त्रालयले तोकेको व्यक्ति– सदस्य
(च) श्री ५ को सरकारले मनोनीत गरेको गुठीसम्बन्धी काममा अनुभवप्राप्त दुई व्यक्ति– सदस्य

(२) संस्थानको अध्यक्ष सहयोग समितिको अध्यक्ष हुनेछ। अध्यक्षले तोकेको कर्मचारी सहयोग समितिको सचिव हुनेछ।

(३) उप-दफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यका कार्यावधि तीन वर्षको हुनेछ र कार्यावधि समाप्त भएपछि निजलाई पुनः मनोनीत गर्न सकिनेछ।

तर, श्री ५ को सरकारले उपयुक्त सम्झेमा निजको कार्यावधि समाप्त नहुँदै निजको सट्टा अर्को व्यक्तिलाई मनोनीत गर्न सक्नेछ।

(४) अध्यक्ष बाहेक सदस्यहरूले सहयोग समितिको बैठकमा भाग लिंदा वा संस्थानको काजमा रहँदा तोकिएबमोजिम पारिश्रमिक वा भत्ता पाउनेछन्।

१०. सहयोग समितिको राय-सल्लाह लिनेः धार्मिक विषयमा बाहेक अन्य विषयमा अध्यक्षले आवश्यकतानुसार सहयोग समितिको सल्लाह लिन सक्नेछ।

११. सदस्य हुन अयोग्यताः देहायको कुनै व्यक्ति विद्वत् समिति वा सहयोग समितिको सदस्य हुन योग्य मानिनेछैन :–

(क) अध्यक्षबाहेक संस्थानको कुनै वैतनिक पदाधिकारी,
(ख) साहूको दामासाहीमा परेको व्यक्ति,
(ग) बहुलाहा वा मानसिक सन्तुलनरहित व्यक्ति,
(घ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरी कैदको सजाय पाएको व्यक्ति,
(ङ) एक्काईस वर्ष उमेर पूरा नभएको व्यक्ति, वा
(च) संस्थानसंगको ठेक्कामा सरीक रहेको वा संस्थानसंगको कुनै कारोवारमा निजी आर्थिक स्वार्थनिहित रहेको व्यक्ति।

१२. सदस्य कायम नरहने अवस्थाः देहायको अवस्थामा कुनै व्यक्ति विद्वत् समिति वा सहयोग समितिको सदस्य कायम रहनेछैनः–

३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा ११ मा उल्लिखित कुनै अयोग्यता भएमा,

(ख) सदस्यताबाट राजीनामा गरेमा,

(ग) मुनासिब कारण नभई विद्वत् समिति वा सहयोग समितिको अनुमतिबेगर विद्वत् समिति वा सहयोग समितिको बैठकमा लगातार तीन पटक अनुपस्थित भएकोमा श्री ५ को सरकारले हटाएमा,

(घ) दफा ७ को उप-दफा (४) र दफा ६ को उप-दफा (३) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम श्री ५ को सरकारले कुनै सदस्यको सट्टा अरूलाईनै मनोनीत गरेमा।

१३. संस्थानको कोषः (१) संस्थानको आफ्नो एउटा छुट्टै कोष हुनेछ। सो कोषमा देहायका सबै रकम जम्मा गरिनेछन्:—

(क) श्री ५ को सरकारबाट प्राप्त भएको अनुदान,

(ख) कुनै स्रोतबाट प्राप्त भएको रकम,

(ग) जायजेथाबाट प्राप्त रकम,

(घ) गुठी जग्गाबाट प्राप्त मालपोत वा अन्य आयस्ता,

(ङ) संस्थानलाई प्राप्त अरू कुनै रकम।

(२) संस्थानको सबै नगदी संस्थान कोष नाम गरेको खातामा नेपाल राष्ट्र बैंक वा कुनै बाणिज्य बैंक वा सो नभए श्री ५ को सरकारको माल अड्डा वा कोष तथा तहसील कार्यालयमा राखिनेछ।

(३) संस्थानका तर्फबाट गर्नु पर्ने सबै नगदी खर्च संस्थान कोषबाट व्यहोरिनेछ।

१४. संस्थानको लेखा र लेखापरीक्षणः (१) संस्थानको लेखा प्रचलित नेपाल कानूनबमोजिम राखिनेछ।

(२) संस्थानको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

१५. संस्थानको आर्थिक-वर्ष र वार्षिक प्रतिवेदनः (१) संस्थानको आर्थिक वर्ष श्री ५ को सरकारको आर्थिक वर्ष सरह हुनेछ।

(२) संस्थानले प्रत्येक आर्थिक-वर्ष अन्त भएको छ महीनाभित्र आफ्नो आर्थिक-स्थिति र आफ्नो कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्नेछ।

## परिच्छेद—३

## संस्थानको काम कर्तव्य

१६. राजगुठीको बन्दोबस्त र सञ्चालनः (१) संस्थानको अमानती, राजगुठी, मठ, मन्दिरको बन्दोबस्त र सञ्चालनको लागि आवश्यकतानुसार महन्त, पुजारी, व्यवस्थापक र अरू

अधिकृतिकृता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कामदार, कर्मचारीको नियुक्ति गरी दानपत्र लिखत भए सो र परम्पराबमोजिमको पर्व पूजा इत्यादि गर्नु पर्ने काम अमानतबाटै गराउनेछ र त्यस्तो अमानती गुठी, मठ, मन्दिरको आयस्ता गुठी कोष र गुठी जिन्सी मौज्दातमा जम्मा गरी खर्च गुठी कोष र गुठी जिन्सी मौज्दातबाट नै व्यहोरिनेछ ।

(२) राजगुठीमा परिणत भएका छूट गुठी र निजी गुठीका हकमा संस्थानले त्यस्ता गुठीका दानपत्र, लिखत र परम्पराबमोजिम पर्व पूजा इत्यादि गर्नु पर्ने काम नरोकिने र धर्म लोप नहुने गरी भइरहेको कामदार, कर्मचारी र खर्चको दरबन्दीमा बढी वा अनावश्यक कटाई नयाँ दरबन्दी कायम गरी उप-दफा (१) बमोजिम अमानतबाट गुठीको स्वयं सञ्चालन नगराई संस्थानले आफ्नै रेखदेख, नियन्त्रण र निर्देशनमा बढीमा पाँच-पाँच वर्षसम्मको अवधि तोकी त्यस्तो गुठीको बन्दोबस्त र सञ्चालन साविकमा चलाइआएको दर्ता गुठियार महन्त, पुजारी वा अरू कसैलाई सुम्पन सक्नेछ ।

तर, त्यसरी सुम्पिएकोमा दरबन्दीबमोजिम खर्च कटाई बाँकी बचेको आयस्ता संस्थानमा बुझाउनु पर्नेछ ।

१७. संस्थानको काम, कर्तव्य तथा अधिकारः यस ऐनमा स्पष्ट व्यवस्था भएबाहेक संस्थानको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः–

(१) राजगुठीमाथि संस्थानमा हक दायित्व राखी व्यवस्था तथा सञ्चालन गर्ने,

(२) छूट गुठी तथा निजी गुठीलाई राजगुठीमा लिई अमानतबाट व्यवस्था र सञ्चालन गर्ने वा यस ऐनमा व्यवस्था भए बमोजिम सञ्चालन गराउने,

(३) दानपत्र लिखत परम्पराबमोजिमको धार्मिक पर्व पूजा धर्मलोप नहुने गरी चलाउने वा चलाउन लगाउने,

(४) राजगुठीको चल अचल सम्पत्ति वा त्यसबाट भएको आम्दानी हाल भैरहेको र थप कुनै धार्मिक, शैक्षिक, सामाजिक, सांस्कृतिक वा परोपकारी संस्था वा कार्यमा लगाउने,

(५) राजगुठीको आम्दानीबाट फजूल खर्च घटाई चुहावट रोकी राजगुठीलाई बढी व्यवस्थित रूपले सञ्चालन गर्ने आवश्यकतानुसार कर्मचारी र खर्चको नयाँ दरबन्दी लगत बनाउने,

(६) कुनै अनुदान, दान, दातव्य, चल अचल, सम्पत्ति प्राप्त गर्ने,

(७) खेती, वागवानी र पशुपालन गर्ने,

(८) राजगुठीबाट गर्नु पर्ने कुनै काम गर्ने संस्थानका तर्फबाट ठेक्का दिने करार गर्ने,

(९) घर, पसल बनाई बहालमा दिने,

C 3 8

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) संस्थानको तर्फबाट चलाउनु पर्ने कुनै कानूनी कारवाई चलाउने वा संस्थान-उपर चलेको कुनै कानूनी कारवाईको प्रतिरक्षा गर्ने र अदालतको फैसला-बमोजिम गर्ने,

(११) राजगुठीको आयस्ता रकमबाट गुठी चलाउने, खर्च गर्ने, बाँकी रकमबाट जगेडा कोष खडा गर्ने र सो कोषबाट सुरक्षित लगानी गर्ने,

(१२) गुठी तैनाथी जग्गामा संस्थानले आफैं खेती गर्ने वा मोही लगाई खेती गर्न दिने,

(१३) यो ऐन र प्रचलित कानूनबमोजिम राजगुठीको व्यवस्था सञ्चालन गर्दा परिआएको अरू काम गर्ने ।

१८. संस्थानले गर्न नहुने कामः संस्थानले देहायको काम गर्न हुँदैनः–

(१) गुठी जग्गामा श्री ५ को सरकारको स्वीकृतिबेगर गुठीको स्वामित्व छाडि-दिने,

(२) गुठी ऐलानी जग्गा श्री ५ को सरकारको नीति विरुद्ध नम्बरीमा दर्ता गर्ने,

(३) संस्थानलाई नोक्सान वा राजगुठीको धर्म-कार्यमा बाधा पर्ने कुनै काम कारवाई, आर्थिक कारोबार वा अन्य व्यवस्थासम्बन्धी काम गर्ने ।

१९. छूट गुठीको हक दायित्व संस्थानमा सर्नेः सबै छूट गुठी राजगुठीमा परिणत भई त्यस्तो छूट गुठीको चल अचल, जायजेथा, देवमूर्ति समेतउपर छूट गुठीको भइराखेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्ता छूट गुठीका गुठियार खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ ।

२०. निजी गुठीको हक दायित्व संस्थानले लिन सक्नेः कुनै निजी गुठीको दाता समेत सबै वा अधिकांश गुठियारहरूले त्यस्तो निजी गुठीको हक दायित्व संस्थानले नै व्यहोर्ने गरी बन्दोबस्त र सञ्चालन संस्थानबाट नै हुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिई बन्दोबस्त र सञ्चालन गर्न सक्नेछ । त्यसरी संस्थानले हक दायित्व लिएपछि त्यस्तो निजी गुठी राजगुठीमा परिणत भई त्यस्तो निजी गुठीको चल अचल, जायजेथा, देवमूर्ति समेतउपर निजी गुठी वा दाता गुठियारको भैराखेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्तो निजी गुठीका दाता, गुठियार खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ ।

२१. राजगुठीमा परिणत भएको छूट गुठी र निजी गुठीको विवरण जायजेथा बुझाउनेः दफा १९ र २० बमोजिम राजगुठीमा परिणत भएको छूट गुठी वा निजी गुठीका दाता, गुठियार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा गुठी चलाइआएका व्यक्तिले संस्थानले सूचना प्रकाशित गरेको छ महीनाभित्र संस्थानले तोकेबमोजिम त्यस्तो गुठीको चल अचल जायजेथाको विवरण र स्याहा स्रेस्ता लगायत सबै लिखत संस्थानलाई बुझाउनुपर्छ ।

परिच्छेद–४

गुठी जिमीदारी उन्मूलन

२२. गुठी जिमीदारी उन्मूलनः गुठी जिमीदारी उन्मूलन गरिएको छ । त्यस्तो उन्मूलनको परिणामस्वरूप सम्बन्धित गुठी मौजाको जिमीदारीसित सम्बन्धित जिमीदार पटवारीको सबै हक अधिकार स्वतः समाप्त भएको मानिनेछ ।

तर, जिमीदारी साथको जग्गाका हकमा जिमीदारी उन्मूलन भएको जिमीदारको नाउँमा गुठी रैतान नम्बरीमा दर्ता हुनेछ ।

२३. जिमीदारीसम्बन्धी कागजपत्रः गुठी जिमीदारीको कागजपत्र जिम्मा भएको व्यक्तिले सो कागजपत्र संस्थानले आदेश दिएका बखत संस्थानलाई बुझाउनुपर्छ ।

२४. मालपोत असूल तहसील गर्ने अन्तरिम व्यवस्थाः उन्मूलन भएको गुठी जिमीदारीको मालपोत असूल तहसील गर्ने सम्बन्धमा संस्थानले व्यवस्था मिलाई सूचना नदिएसम्म सम्बन्धित जिमीदार पटवारीले साबिकबमोजिम मालपोत असूल तहसील गरी संस्थानमा बुझाउनु पर्नेछ ।

परिच्छेद–५

राजगुठी जग्गा

२५. गुठी तैनाथी जग्गाको बन्दोबस्तः (१) गुठी तैनाथी जग्गा संस्थानले आफै खेती गर्न वा मोहियानीमा अरूद्वारा खेती गर्न दिन सक्नेछ ।

(२) गुठी तैनाथी जग्गामध्ये ऐलानी बाँझो जग्गाको हकमा संस्थानले देहायबमोजिम व्यवस्था गर्न सक्नेछः–

(क) संस्थानले आफै आवाद गर्ने,

(ख) खण्ड (क) बमोजिम संस्थान आफैले आवाद गर्न उपयुक्त नहुने जग्गामा बढीमा सात वर्षसम्मको कूत माफी गरी खास किसानलाई मोहियानीमा हाल आवादी गर्न दिने,

(ग) खण्ड (ख) बमोजिम बन्दोबस्त हुन नसक्नेमा बढीमा तीन वर्षसम्मको मालपोत माफी गरी हाल आवादी गर्ने व्यक्तिको नाममा गुठी रैतान नम्बरीमा दर्ता गरी हाल आवादी गर्न दिने,

(घ) खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गुठी तैनाथी जग्गा बसोबास वा उद्योग व्यापारको लागि उपयुक्त देखिएमा त्यस्तो गुठी तैनाथी जग्गामा आवादी वा ऐलानी जेभए पनि उपयोग र ठाउँको

८३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महत्व हेरी संस्थानले बढाबढ गरी दस्तूर लिई मोहियानी वा गुठी रैतान नम्बरीमा दर्ता गरिदिन सक्नेछ ।

२६. गुठी अधीनस्थ जग्गाको बन्दोबस्तः– (१) यो ऐन प्रारम्भ भएपछि काठमाडौं उपत्यका र पहाड इलाकामा जोताहाले दर्तावालालाई कूत बुझाई दर्तावाला मोहीले राजगुठीलाई पुरै जिन्सी वा आंशिक जिन्सी र आंशिक गुठीको भाउले नगदीमा बुझाउनु पर्ने गुठी अधीनस्थ जग्गामा दर्तावालाको सबै हक अधिकार समाप्त भई त्यस्तो जग्गामा संस्थानको पूर्ण स्वामित्व कायम हुनेछ र त्यस्तो जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउनेछ ।

(२) उप-दफा (१) बमोजिम दर्तावाला मोहीको हक समाप्त भई खास जोताहा किसानले मोहियानी हक पाउनेमा त्यस्तो मोहीले हक समाप्त हुने दर्तावालाको नाउँमा संस्थानले तोकेको कार्यालयमा त्यस्तो दर्तावालाले यो ऐन प्रारम्भ हुनुभन्दा अघि खान पाउने छ्वायबालीको दश गुणाले हुने रकम क्षतिपूर्तिको रूपमा संस्थानले तोकेबमोजिम दाखिला गर्नु पर्नेछ । हक समाप्त हुने दर्तावालाले त्यस्तो क्षतिपूर्तिको रकम संस्थानले तोकेको कार्यालयबाट पाउनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "छ्वायबाली" भन्नाले खास जोताहा किसानले दर्तावालालाई खास बुझाउनु पर्ने जिन्सी रकमबाट दर्तावालाले राजगुठीलाई खास बुझाउनु पर्ने नगदी जिन्सी कटाई दर्तावालालाई बच्ने खूद मुनाफा सम्झनुपर्छ र सो खूद मुनाफाको हिसाब गर्दा जिन्सी बापत नगदी बुझाउँन पाउनेको जिन्सीकै हिसाब गरिनेछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले शहरी क्षेत्र घोषित गरेको क्षेत्रभित्रको त्यस्तो जग्गाको तीन खण्डको दुई खण्ड दर्तावालाकै नाममा र एक खण्ड खास जोताहाको नाममा दर्ता गरिनेछ । यस प्रकार खास जोताहाको नाममा दर्ता हुने जग्गा बापत दर्तावालाले कुनै क्षतिपूर्ति पाउनेछैन ।

(४) खास जोताहा किसानले उप-दफा (२) मा तोकिएबमोजिम क्षतिपूर्तिको रकम दाखिला नगरेमा निजको नाममा मोहियानीमा जग्गा दर्ता हुने भए तापनि त्यस्तो जग्गाको तीन खण्डको दुई खण्ड दर्तावाला मोहीको नाममा र एक खण्ड निज खास जोताहा किसानको नाममा मोहियानीमा दर्ता गरिनेछ ।

(५) उप-दफा (४) बमोजिम जग्गाको बाँडफाँट गर्दा दर्तावाला मोहीसँग कुनै किसिमको बाँकी बक्यौता असूल गर्न बाँकी भए असूल-उपर गरिकन मात्र दर्तावालाको नाममा मोहियानीमा दर्ता गरिनेछ । दर्तावालाबाट उठ्न नसकेको बाँकी-बक्यौताले खामेसम्मको जग्गा दर्तावालाले पाउने हिस्साबाट झिकी लिलाम-बिक्री गरी असूल गरिनेछ ।

(६) उप-दफा (५) बमोजिम दर्तावाला मोहीको नाममा दर्ता गरिएको जग्गा दर्तावालाले अरू कसैलाई कमाउन दिएमा त्यसरी कमाउने खास जोताहा किसानले प्रचलित नेपाल कानूनबमोजिम मोहियानी हक पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 36

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गुठी अधीनस्थ जग्गामा कसैले कानूनबमोजिम अधिकार पाई घर-बारी बनाई बसोबास गरिआएको भए प्रचलित नेपाल कानूनबमोजिम घर-बारी बापत राख्न पाउने जग्गाको हदसम्म जग्गा सोही व्यक्तिको नाममा मोहियानीमा दर्ता हुनेछ ।

परिच्छेद ६

मोहीको व्यवस्था

२७. मोहियानी हक लाग्नेः– गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउनेछ ।

२८. गुठी जग्गामा लाग्ने कूत तिरोः– (१) संस्थानलाई कूत तिर्नु पर्ने गुठी जग्गामा सरकारी रैकर जग्गावालाले मोहीबाट जग्गाको ठाउँ र किसिमअनुसार पाउने सरह कूत लाग्नेछ ।

(२) संस्थानले उपयुक्त देखेमा गुठी जग्गामा लागेको कूत स्थानीय बजार भाउले नगदीमा लिन सक्नेछ ।

२९. कूत तिर्नेसम्बन्धी व्यवस्थाः– (१) संस्थानलाई कूत तिर्नु पर्ने गुठी जग्गाको मोहीले सरकारी रैकर जग्गाको मोहीले कूत तिर्ने याम समयसम्ममा संस्थानलाई गुठी जग्गाको मोहीले कूत बुझाउनु पर्नेछ । सो म्यादभित्र कूत नबुझाएमा त्यस्तो मोहीको मोहियानी हक संस्थानले समाप्त गर्न सक्नेछ ।

तर, संस्थानले आवश्यक देखेमा दुई महीनासम्म कूत बुझाउन म्याद थप गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम मोहियानी हक समाप्त भएकोमा चित्त नबुझ्ने मोहीले पैंतीस दिनभित्र श्री ५ को सरकारसमक्ष उजूर गर्न सक्नेछ ।

(३) उप-दफा (२) बमोजिम पर्न आएको उजूरीमा श्री ५ को सरकारले गरेको निर्णय अन्तिम हुनेछ ।

(४) उप-दफा (१) बमोजिम मोहियानी हक समाप्त भएको जग्गाको बाँकी कूत साबिक मोहीबाट सरकारी बाँकी सरह संस्थानले असूल-उपर गर्न सक्नेछ ।

(५) संस्थानलाई बुझाउनु पर्ने कूत मिन्हा गर्ने सम्बन्धमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

३०. मोहियानी हक खरीद-बिक्री गर्न सकिने विशेष व्यवस्थाः– भूमिसम्बन्धी ऐन, २०२१ तथा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम मोहियानीमा कमाई आएको जग्गाको मोहियानी हक खरीद-बिक्री हुन सक्नेछ ।

३१. मोहियानी हक समाप्त भएको वा उकास हुन आएको जग्गा सम्बन्धमाः– संस्थानलाई बुझाउनु पर्ने कूत वा अन्य रकम नबुझाई छाडी उकास हुन आएको जग्गा वा यस ऐनबमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोहियानी हक समाप्त भएको जग्गा संस्थानले अरूलाई मोहियानीमा वा अरू कुनै शर्तमा कमाउन दिन सक्नेछ। संस्थानले चाहेमा त्यस्तो जग्गा आफैं खेती गर्न वा अन्य कुनै काममा लगाउन सक्नेछ।

३२. गुठी रैतान नम्बरी जग्गामा मालपोत लाग्ने: (१) सरकारी रैकर जग्गाको जग्गावालाले जग्गाको किसिम अनुसार श्री ५ को सरकारमा मालपोत बुझाए सरह गुठी रैतान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउनेछ।

(२) गुठी रैतान नम्बरी जग्गामा जग्गावालाको हक र हैसियत प्रचलित कानूनबमोजिम सरकारी रैकर जग्गाको जग्गावालाको सरहनै हुनेछ।

(३) यस दफाको प्रयोजनको लागि जग्गावाला भन्नाले यस ऐनबमोजिम संस्थानलाई मालपोत तिर्नु पर्ने गरी गुठी जग्गा आफ्नो नाममा दर्ता भई सो दर्ताको नाताले उक्त जग्गा-मा हक हुने व्यक्ति र त्यस्तो व्यक्तिको हकवाला वा अंशियार भएको नाताले वा त्यस्तो व्यक्तिले प्रचलित नेपाल कानूनबमोजिम आफ्नो हक छोडी दिएकोले सो जग्गा आफ्नो नाममा दर्ता गराउने हक पुगेको व्यक्ति सम्झनुपर्छ।

३३. मालपोत असूल गर्ने व्यवस्था:– (१) संस्थानले मालपोत असूल गर्ने व्यवस्था गर्नेछ।

(२) मालपोत असूल गर्ने म्याद प्रचलित नेपाल कानूनमा तोकिएबमोजिम हुनेछ। मालपोत असूल गर्ने म्याद नाघेमा जरीवाना गर्ने, मालपोत बाँकीमा जग्गा लिलाम गर्ने र मिन्हा दिने समेतमा प्रचलित नेपाल कानूनमा भएको व्यवस्था संस्थानले असूल गर्ने मालपोतका हकमा पनि लागू हुनेछ। गुठीको मालपोत असूल तहसील गर्न तोकिएको कार्या-लयहरूले समेत प्रचलित नेपाल कानूनबमोजिम मालपोत असूल गर्ने सम्बन्धी अधिकारको प्रयोग गर्न पाउनेछ।

३४. बहाल र भूबहाल असूल-उपर गर्ने व्यवस्था:– (१) गुठी जग्गामा घर पसल बनाउन दिई भूबहाल लिई आएको वा गुठीले नै घर पसल बनाई वा गुठीको पाटी पौवाहरू बहालमा दिई बहाल लिई आएकोमा यो दफा प्रारम्भ भएपछि संस्थानले त्यस्तो भूबहाल वा बहालको सम्बन्धमा नयाँ कबूलियत गराउन सक्नेछ। यसरी नयाँ कबूलियत गराउँदा भूबहाल वा बहालको अङ्क संस्थानले तोकेबमोजिम हुनेछ।

(२) बहाल वा भूबहालमा बस्ने व्यक्तिले संस्थानले तोकिदिएको म्यादभित्र नयाँ कबूलियत गर्नु पर्नेछ। सो म्यादभित्र कबूलियत नगरेमा सो बहालवाला वा भूबहालवाला व्यक्तिका घर वा पसलमा भोगचलन गर्ने हक स्वत: समाप्त हुनेछ र संस्थानले सो घर पसल अन्य व्यक्तिलाई बहालमा दिन वा आफैंले भोग चलन गर्न सक्नेछ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. दस्तूर लिई मोहियानीमा दर्ता गर्नेः– (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि गुठी जग्गामा भूबहाल लगाई आएकोमा भूबहालवालाले मोहियानीमा दर्ता गराउन चाहेमा संस्थानले तोकेबमोजिम दस्तूर लिई मोहियानीमा दर्ता गरिदिन सक्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाको बखत संस्थानको स्वीकृति नलिई कसैले गुठी जग्गामा घर बनाइसकेको रहेछ भने त्यस्तो जग्गा संस्थानले तोकेबमोजिम दस्तूर लिई मोहियानीमा दर्ता गरिदिन सक्नेछ ।

(३) यो ऐन प्रारम्भ भएपछि कसैको नाममा मोहियानीमा दर्ता भएको गुठी जग्गा वा कसैको नाममा दर्ता नभएको ऐलानी वा बाँझो गुठी जग्गा वा गुठीको बाग बगैंचामा कसै घर बनाउन संस्थानको स्वीकृति मागेमा संस्थानले तोकेबमोजिम दस्तूर लिई स्वीकृति दिन सक्नेछ । यसरी संस्थानको स्वीकृति नलिई त्यस्तो जग्गामा कसैले घर बनाएमा सो जग्गा र सो जग्गामा बनाएको घरमा त्यस्तो व्यक्तिको हक समाप्त भई संस्थानको हक कायम हुनेछ ।

(४) उप-दफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि गुठी रैतान नम्बरी जग्गामा घर बनाउन संस्थानको स्वीकृति लिन पर्नेछैन ।

३६. गुठी रैतान नम्बरीमा दर्ता गर्न पाउनेः गुठी जग्गा कमाउने मोहीले सो जग्गा आफ्नो नाउँमा गुठी रैतान नम्बरीमा दर्ता गराउन चाहेमा निजले शहरी क्षेत्रभित्रको जग्गाको हकमा आफूले बुझाउने वार्षिक कूतको पाँचसय गुणा र गाउँ पञ्चायत क्षेत्रभित्रको जग्गाको हकमा आफूले बुझाउने कूतको दुईसय गुणा रकम एकमुष्ट बुझाएमा सो जग्गा संस्थानले निजको नाममा गुठी रैतान नम्बरीमा दर्ता गरिदिन सक्नेछ ।

## परिच्छेद ७

## विविध

३७. हदबन्दीसम्बन्धी व्यवस्थाः– गुठी रैतान नम्बरी जग्गाको जग्गावाला र गुठी जग्गाका मोहीका सम्बन्धमा हदबन्दीसम्बन्धी प्रचलित नेपाल कानूनको सबै व्यवस्था लागू हुनेछ र सो प्रयोजनको लागि गुठी जग्गा र सरकारी रैकर जग्गा दुबैको हिसाब गरी हदबन्दी कायम गर्नुपर्छ ।

३८. गुठी तैनाथी जग्गाका सम्बन्धमा विशेष व्यवस्थाः– यस ऐनबमोजिम गुठी तैनाथी हुने जग्गा राजगुठी र संस्थानको हित बिपरीत कुनै व्यक्तिले कुनै किसिमले बन्दोबस्तीमा लिएको भए पनि गुठी संस्थान ऐन, २०२१ लागू भएपछि बन्दोबस्ती पाएको त्यस्तो हक अधिकार स्वतः समाप्त भई त्यस्तोमा संस्थान र राजगुठीको हक र स्वामित्व पुनः कायम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६०

तर–

(१) बन्दोबस्तीमा पाएको जग्गा घरबारीको लागि प्रयोग भएकोमा अन्य प्रचलित कानूनले पाएको हदसम्म त्यस्तो व्यक्तिको नाउँमा गुठी रैतान नम्बरीमा दर्ता हुनेछ। बाँकी जग्गामा संस्थानलाई यस ऐनबमोजिम कूत तिरो बुझाउनु पर्नेछ।

(२) श्री ५ को सरकारको स्वीकृति लिई गुठी संस्थानले दश विगहासम्म कसैको नाममा गुठी रैतान नम्बरीमा दर्ता गरेको जग्गाको हकमा यो दफा लागू हुनेछैन।

३९. गुठी जग्गामा पुनः दर्ता हुने: गुठीको जग्गा रैकरमा दर्ता भएको भए तापनि गुठीको जग्गा भन्ने गुठीको श्रेस्ताबाट देखिन आई प्रमाणित हुन आएमा त्यस्तो जग्गा गुठीको जग्गामा दर्ता गरिनेछ र सो जग्गाको रैकरमा दर्ता भएको लगत कट्टा हुनेछ।

४०. जायजेथा रोक्का राख्न पर्ने: संस्थानमा धितो राखेको अचल सम्पत्ति रोक्का गर्न संस्थानबाट लेखिआएमा सम्बन्धित कार्यालयले त्यस्तो अचल सम्पत्तिको सुत्री-बिक्री, भोगबन्धकी, दृष्टिबन्धकी वा अन्य कुनै प्रकारले कसैलाई हक छोडी दिन नपाउने गरी रोक्का गर्नु पर्नेछ।

४१. बाँकी बक्यौता असूल गर्ने:– (१) संस्थानले असूलउपर गर्नु पर्ने मालपोत, कूत, बहाल, भूबहाल, पेश्की, ठेक आदि बाँकी-बक्यौता संस्थानले सरकारी बाँकी सरह सम्बन्धित व्यक्तिको धितो वा अन्य जायजेथा लिलाम बिक्री गरी असूल-उपर गर्न सक्नेछ।

(२) उप-दफा (१) बमोजिमको बाँकी-बक्यौता असूल गर्दा संस्थानले मनासिब देखेमा दश प्रतिशतसम्म व्याज समेत लगाई किस्ताबन्दीमा असूल-उपर गर्न सक्नेछ।

४२. श्री ५ को सरकारले जग्गा अधिग्रहण गरे बापत सोधभर्ना गर्ने: श्री ५ को सरकारले गुठी जग्गा अधिग्रहण गरेमा सो जग्गाको मुआब्जा रकमको सट्टा जग्गा नै सोधभर्ना गर्न सक्नेछ।

तर, गुठी रैतान नम्बरी जग्गा अधिग्रहण गरेमा श्री ५ को सरकारले संस्थानलाई सो जग्गाको लाग्ने मालपोत बापत क्षतिपूर्ति दिनु पर्नेछ।

४३. तिर्जा व्यवस्था हटाउन सकिने: गुठीका महन्त, पुजारी, गुठियार र अन्य रकमीहरूले खान्गी वा तिर्जा व्यवस्थाबाट जिन्सी खाई आएकोमा त्यसको सट्टा संस्थानले निजहरूलाई पारिश्रमिकको व्यवस्था गर्न सक्नेछ।

४४. प्राचीन मूर्ति तथा गरगहनाको सम्बन्धमा: (१) राजगुठीका महन्त, पुजारी, गुठियार तथा अन्य रकमीहरूले आफ्नो जिम्माको देवी-देवताको प्राचीन मूर्ति गरगहना, भाँडा-वर्तन आदि सुरक्षित हुने गरी त्यसको अद्यावधिक लगत बनाई संस्थानबाट जँचाई राख्नु पर्नेछ।

(२) त्यस्तो महन्त, पुजारी, गुठियार तथा अन्य रकमीहरूको अदली-बदली हुँदा आफ्नो जिम्माको लगतबमोजिमको मालसामान बरबुझारथ गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) राजगुठीका देवी-देवताको बेचल्तीका गरगहना भाँडा-वर्तन आदि सामानहरू जिम्मा लिने व्यक्तिले सो सामानहरू संस्थानमा सुरक्षितसाथ राख्न चाहेमा निजले सो सामानहरू संस्थानमा बुझाउन सक्नेछ। संस्थानले चाहेमा त्यस्तो गरगहना भाँडा-वर्तनहरू संस्थानमा बुझाउन लगाउन सक्नेछ।

४५. गहना र अन्य सम्पत्तिको व्यवस्था गर्नेः (१) राजगुठीका देवी-देवतालाई चढाएको गहना, भाँडाकुँडा र अन्य जिन्सी सम्पत्तिको सुरक्षाको लागि संस्थानले आवश्यक व्यवस्था गर्नेछ।

(२) देवी-देवतालाई चढाएको गहना र अन्य सम्पत्ति जाँच्दा मनासिव कारणले बाहेक नपुग भएको देखिएमा संस्थानले सो जिम्मा लिने व्यक्तिबाट भर्ना हाल्न लगाउन सक्नेछ र त्यसरी सट्टा भर्ना नहालेमा संस्थानले बिगो बमोजिमको रकम त्यस्तो व्यक्तिबाट सरकारी बाँकी सरह असूलउपर गर्नेछ।

४६. गुठी जग्गाको हाट-बजार सम्बन्धमाः (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गुठीको जग्गामा लाग्ने हाट, मेला वा बजारबाट गाउँ पञ्चायत वा नगर पञ्चायतले उठाएको रकम वा दस्तूरको पचास प्रतिशत रकम संस्थानमा बुझाउनु पर्नेछ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थानले चाहेमा त्यस्तो हाट, मेला वा बजार लाग्ने गुठी जग्गा संस्थानले आफै व्यवस्था गर्न वा उपयोग गर्न सक्नेछ।

४७. गुठी जग्गाको नाप-जाँच सम्बन्धमाः (१) गुठी जग्गाको नाप-जाँच गर्दा सम्बन्धित अधिकारीले सो गर्न अगावै सो कुराको सूचना संस्थानको कार्यालयमा दिनु पर्नेछ।

(२) उप-दफा (१) बमोजिम संस्थानलाई सूचना नदिएमा त्यस्तो अधिकारीलाई निजको सेवा-शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम विभागीय कारवाई गरिनेछ।

४८. अस्थायी निस्सा दिनेः– गुठी जग्गाको जोताहा अस्थायी निस्सा र जग्गाधनीको स्थायी प्रमाण-पूर्जा रैकर जग्गाको निस्सा दिने कार्यालयले दिनेछ।

४९. कित्ता काट्नेः– गुठी जग्गाको कित्ता काट्नु पर्दा सो कित्ता काट्ने कार्य रजिष्ट्रेशन गर्ने कार्यालयले गर्नेछ।

५०. गुठी जग्गामा दर्ता गराउनु पर्नेः यो ऐन प्रारम्भ हुनुभन्दा अघि कुनै व्यक्तिले गुठी जग्गा जानी-जानी रैकरमा दर्ता गराएको भए त्यस्तो व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले ६ महीनाभित्र सो जग्गा पुनः गुठी जग्गामा दर्ता गराउनु पर्नेछ।

५१. गुठी तैनाथी जग्गाको चक्लाबन्दी मिलाउनेः संस्थानले गुठी तैनाथी जग्गाको चक्लाबन्दी मिलाउन आवश्यक देखेमा जग्गा सट्टापट्टा गरी चक्लाबन्दी मिलाउन सक्नेछ।

५२. संस्थानलाई निर्देशन दिने अधिकारः श्री ५ को सरकारले आवश्यक देखेमा संस्थानलाई आवश्यक निर्देशनहरू दिन सक्नेछ। त्यसरी निर्देशन भएमा संस्थानले त्यस्तो निर्देशनहरू पालना गर्नु पर्नेछ।

C42

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३. संस्थानलाई सहयोग गर्नु पर्नेः गुठीको परम्पराबमोजिम चलाउनु पर्ने काममा स्थानीय प्रशासन, प्रहरी तथा स्थानीय पञ्चायतले आवश्यक सहयोग गर्नु पर्नेछ ।

५४. विवरण वा मालपोत नबुझाउनेलाई सजायः दफा २१,२३ वा २४ बमोजिम संस्थानलाई बुझाउनु पर्ने विवरण, लिखत वा मालपोत दाखिल नगरेमा त्यस्तो व्यक्तिलाई पच्चीस सय रूपैयाँसम्म जरीवाना हुनेछ ।

५५. गुठी जग्गा रैकरमा दर्ता गराउनेलाई सजायः यो ऐन प्रारम्भ भएपछि जानी जानी गुठी जग्गा रैकरमा दर्ता गराउने व्यक्तिलाई वा दफा ५० बमोजिम गुठी जग्गामा दर्ता नगराउने व्यक्तिलाई रैकरमा दर्ता भएको जग्गाको प्रचलित दरभाउले हुन आउने मोल बराबरसम्म जरीवाना हुनेछ । त्यसरी रैकरमा दर्ता गरिएको जग्गा गुठीमा पुनः दर्ता गरिनेछ र त्यस्तो जग्गामा घर पसल बनाइसकेको रहेछ भने सो जग्गामा भूबहाल लाग्नेछ ।

५६. गरगहना आदि हिनामिना गर्नेलाई सजायः राजगुठीका देवी-देवतालाई चढाएको गरगहना तथा अन्य सम्पत्ति कसैले हिनामिना गरेमा निजबाट बिगो असूल गरी निजलाई बिगोबमोजिम जरीवाना हुनेछ ।

५७. धर्मलोप गर्नेलाई सजायः गुठीको लिखत, शिलापत्र, दानपत्र आदि बमोजिम गर्नु पर्ने काम नगरी धर्म लोप गरेमा त्यस्तो व्यक्तिलाई पाँचसय रूपैयाँसम्म जरीवाना हुनेछ र त्यस्तो व्यक्तिलाई गुठीको लिखत, शिला-पत्र, दानपत्र आदि बमोजिम काम गर्ने गराउन सकिनेछ । सोबमोजिम नगर्ने महन्त, पुजारी,गुठियार र अन्य रकमीहरूलाई खारेज गरी अर्को व्यक्ति नियुक्ति गर्न सकिनेछ ।

५८. अन्य सजायः दफा ५४, ५५, ५६, र ५७ मा लेखिएदेखिबाहेक कसैले यस ऐनको वर्खिलाप अन्य कुनै काम गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

५९. सजाय गर्ने अधिकारीः (१) दफा ५४, ५५, ५६, ५७, र ५८ बमोजिम सजाय गर्ने अधिकार अध्यक्षलाई हुनेछ ।

(२) उप-दफा (१) अन्तर्गत अध्यक्षले गरेको सजायको आदेशउपर श्री ५ को सरकारमा पुनरावेदन लाग्नेछ ।

६०. अदालतलाई भएसरहको अधिकार हुनेः दफा ५४, ५५, ५६, ५७ र ५८ बमोजिम कारवाई गर्दा अध्यक्षलाई बयान लिने, साक्षी प्रमाण बुझ्ने र कागज-पत्रहरू दाखिल गराउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार हुनेछ ।

६१. अन्य नेपाल ऐनबमोजिम कारवाई गर्न सकिनेः यस ऐनमा लेखिएको कुनै कुराले देवी-देवताका मूर्ति, गरगहना तथा संस्थानका अन्य सम्पत्ति हिनामिना गर्ने व्यक्तिलाई भ्रष्टाचार निवारणसम्बन्धी प्रचलित कानूनबमोजिम कारवाई चलाउन बाधा पर्नेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२. मुद्दा हेर्ने अधिकार क्षेत्रः यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक संस्थान वादी वा प्रतिवादी भएको मुद्दामा शुरू कारवाई र किनारा गर्ने अधिकार-क्षेत्र अञ्चल अदालतको हुनेछ ।

६३. विशेष छूटः (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थान वादी भएको मुद्दामा कोर्टफी लाग्ने छैन र संस्थान वादी वा प्रतिवादी भएको मुद्दा-मामिलामा संस्थानको वारिसलाई हाजिर नगराई नहुने अवस्था परी सम्बन्धित अड्डा अदालतले आदेश दिएमा बाहेक संस्थानको वारिस तारेखमा हाजिर भैरहनु पर्नेछैन ।

(२) संस्थानले कूत तिरो पाउनेमा संस्थानले नालेस उजूर गर्न वा कूत तिरो अ... गर्ने हकमा प्रचलित नेपाल कानूनले तोकेको कुनै हद लाग्नेछैन ।

६४. विघटन र त्यसको परिणामः (१) कुनै कारणवश संस्थानलाई विघटन गर्न पर्छ भन्ने श्री ५ को सरकारलाई लागेमा संस्थानलाई विघटन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम संस्थान विघटन भएमा संस्थानको सबै दायित्व र अधिकारहरू श्री ५ को सरकारमा सरेको मानिनेछ ।

६५. विनियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वित गर्न संस्थानले श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरी विनियमहरू बनाउन सक्नेछ ।

६६. खारेजी र बचाउः (१) गुठी संस्थान ऐन, २०२९ खारेज गरिएको छ ।

(२) संस्थानले गुठी संस्थान ऐन, २०२९ अन्तर्गत भए गरेका काम कारवाई यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।